फोन नं. ०७९ ५२०२२८
फ्याक्स नं. ०७९ ५२०२४६
Email : wss.gulmi@gmail.com

लुम्बिनी प्रदेश सरकार

खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय

# खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

तम्घास गुल्मी

पत्र संख्या :-०८०/०८१
चलानी नं. : २२

मिति २०८०/०५/३१

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति २०८०/०६/०२)**

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारको "करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० बमोजिम यस कार्यालयको सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन यस कार्यालयमा रिक्त रहेका तपशिल बमोजिमका पदमा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र कार्यालयमा आई दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | समुह | उपसमुह | तह/स्तर | आवश्यक संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/८१ | सब-इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | सहायकस्तर पाचौं | १ (एक) |
| २ | ०२/०८०/८१ | खा.पा.स.टे. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | सहायकस्तर पाचौं | १ (एक) |
| ३ | ०३/०८०/८१ | कम्प्युटर अपरेटर | विविध | - | - | सहायकस्तर पाचौं | १ (एक) |

क. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः

- सब-ईन्जिनियर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा ३ वर्षे डिप्लोमा इन्जिनियरिङ्ग उत्तीर्ण वा सो सरह
- खा.पा.स.टे. पदको पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा ३ वर्षे डिप्लोमा इन्जिनियरिङ्ग उत्तीर्ण वा सो सरह
- कम्प्युटर अपरेटरको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट ६ महिना कम्प्युटर डिप्लोमा उत्तीर्ण गरेको हुनुपर्ने ।

ख. अन्य सेवा शर्तहरुः

- १८ वर्ष उमेर पूरा भई ३५ बर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको नेपाली नागरिक हुनुपर्ने ।
- सब-इन्जिनियर, खा.पा.स.टे. पदहरूको लागि अनुभवकोहकमा खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्य गरेको लाई विषेश प्राथमिकता दिइनेछ र कम्प्युटर अपरेटर पदको अनुभवको सम्वन्धमा सम्वन्धित पदमा कार्य गरेकोलाइ विषेश प्राथमिकता दिइनेछ ।
- अन्य प्रचलित कानूनद्धारा अयोग्य नठहरिएको हुनुपर्ने ।

ग. **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, कार्य अनुभवको प्रमाणित प्रतिलिपी र नियूक्ति वा सम्झौताको प्रमाणित प्रतिलिपीहरू समेत पेश गर्नु हुन ।

घ. **छनौटको किसिम :** संक्षिप्त सूची प्रकाशन, अन्तर्वार्ता साथै कम्प्युटर अपरेटरको हकमा प्रयोगात्मक परिक्षा लिइने छ ।

ङ. **दरखास्त पाइने स्थानः** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रे.न.पा. ९, उपल्लो तमघास ।

च. **दरखास्त बुझाउने अन्तिम मितिः** २०८० साल आश्विन ११गते कार्यालय समयभित्र ।

छ. **दरखास्त दस्तुर :** रु. ५००/- (कार्यालयमा जम्मा गर्न सकिने ।)

ज. **संक्षिप्त सूची प्रकाशनः** मिति २०८०/०६/१४ गते कार्यालय समय भित्र । (संक्षिप्त सूची प्रकाशनमा समावेश उमेदवारहरूले मात्र अन्तर्वाता र प्रयोगात्मक परिक्षामा भाग लिन पाउनेछन् ।)

झ. **अन्तरवार्ता र प्रयोगात्मक परिक्षाको मिति समय र स्थानः** २०८०/०६/१५ गते मध्यान्न १२ वजे, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,गुल्मी

ञ. **सेवा सुविधाः** प्रदेश सरकारको नियमानुसार हुनेछ ।

डिभिजन प्रमुख

नोटः थप जानकारीको लागी कार्यालयको सम्पर्क नं.०७९-५२०२२८ मा फोन वा कार्यालय समय भित्र आइ जानकारी लिन सक्नु हुने छ ।